# लुम्बिनी प्रदेश, प्रदेश समन्वय परिषद्को सातौं बैठकका निर्णय

मिति २०८०/१०/०४

क) राजस्व बाँडफाँड र वक्यौता राजस्व सम्बन्धमा : -

१. नेपालको संविधानले व्यवस्था गरेबमोजिमको कार्य जिम्मेवारी र अधिकार बमोजिम कार्यसम्पादन गर्न प्रदेश तथा स्थानीय तहको आन्तरिक आम्दानीको अवस्था कमजोर रहेको अवस्थामा प्रदेश र स्थानीय तहले अन्तर तहगत समन्वय र सहकार्यको सिद्धान्तबमोजिम प्राकृतिक स्रोत साधन र आन्तरिक स्रोतको पहिचान गर्दै आन्तरिक राजश्व तथा आम्दानी वृद्धिमा विशेष ध्यान दिने।

२. नेपालको संविधान र अन्य कानून बमोजिम विभिन्न तहबाट संकलित राजश्व तथा शुल्कहरु सम्वन्धित विभाज्य कोषमा जम्मा गरी यथासमय मै तहगत रुपमा वाडफाँड हुने व्यवस्था मिलाउने। स्थानीय तहहरुले प्रदेश सरकारलाई वाँडफाँड गरी उपलब्ध गराउनु पर्ने वक्यौता राजस्व रकम स्थानीय तहहरुले यथाशीघ्र प्रदेश कोषमा उपलब्ध गराउने।

ख) कानून तर्जुमा तथा मापदण्ड निर्माण : -

१. नेपालको संविधान र कार्य विस्तृतीकरण प्रतिवेदन बमोजिमको तहगत अधिकार सूची अनूरुप जल, जमिन, जङ्गल, वन तथा अन्य स्रोत साधनको उपयोग तथा दीगो व्यवस्थापन, सडक, पुल लगायत पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक विकासका सूचकहरुमा एकरुपता ल्याउन प्रदेश योजना आयोगले स्पष्ट मापदण्ड तर्जुमा गर्ने।

२. एकल तथा साझा अधिकारको सम्बन्धमा प्रदेशले बनाउनुपर्ने कानूनको विषयमा आवश्यक अध्ययन गर्ने र अध्ययन प्रतिवेदनले दिएको सुझावका आधारमा नयाँ कानून निर्माण वा संशोधन/परिमार्जन गर्नुपर्ने कानून मस्यौदा प्रक्रियाका लागि प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अध्ययन समिति गठन गरी स्थानीय तहसँगको समन्वयमा कार्य अगाडि बढाउने।

३. प्रदेशमा वढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित मन्त्रालयसँग समन्वय मार्फत सडक सुरक्षा विधेयकको मस्यौदा तयार गरी स्वीकृतिको प्रक्रिया अगाडि वढाउने।

मुख्यमन्त्री

ग) जनशक्ति व्यवस्थापन :-

१. प्रदेश निजामती सेवा ऐन जारी भैसकेको र नियमावली मस्यौदाको अन्तिम चरणमा रहेको र स्थानीय सेवा ऐनमा सम्बन्धित निकायहरुसँग राय परामर्श लिई मस्यौदाको चरणमा रहेकोले स्थानीय सेवा ऐनमा समावेश गर्नुपर्ने विषयहरु सबै स्थानीय तहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। प्रदेश सरकारले सबै स्थानीय तह समेतको समन्वयमा यथाशीघ्र स्थानीय सेवा ऐन मस्यौदा गरी स्वीकृतिको प्रक्रिया अगाडि वढाउने।

२. स्थानीय तहमा जनशक्ति अभावका कारण कार्यसम्पादनमा समस्या रहेको सन्दर्भमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्तिको तालिका बमोजिम पदपूर्ति भइरहेकोले रिक्त पदको विवरण सहितको माग आकृति फारम भरी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा पठाई सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. स्थानीय तहले संघीय दरबन्दी अन्तर्गत रिक्त रहेका पदहरुको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

घ) आयोजना बैंक र संचालन :-

१. प्रदेशमा रहेका स्रोतको उच्चतम उपयोग, नागरिकको माग र आवश्यकतामा आधारित योजना तर्जुमा तथा कार्यान्वयन, योजनामा रहने दोहोरोपनाको अन्त्य तथा सम्बन्धित तहको सिफारिसमा मात्र योजना छनौट गर्न आयोजना बैंक प्रभावकारी हुने भएकोले आगामी आ.व. को नीति, कार्यक्रम तथा वजेटबाट कार्यान्वयनमा लैजाने गरी प्रदेश योजना आयोगले आयोजना बैंक तयार गर्ने।

ङ) अनुदानमार्फत संचालन हुने कार्यक्रम/आयोजनाको लागत सहभागिता, सहकार्य र अनुदानको प्रभावकारी उपयोगका लागि देहायबमोजिम गर्ने गराउने :-

१. संघ, प्रदेश र स्थानीय तहबाट आयोजना निर्माण कार्यान्वयन गर्न तहगत रुपमा कार्यान्वयन गरिने योजना/आयोजना/कार्यक्रमको क्षेत्र र मापदण्ड निर्धारण गर्ने।

२. संघ र प्रदेशले टुक्रे आयोजनामा भन्दा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम रणनीतिक आयोजना कार्यान्वयन गर्ने, गराउने।

३. तहगत रुपमा लागत सहभागितामा योजना/आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने गराउने र लागत साझेदारीको आधारमा तहगत वजेटको अभाव हुन नदिने।

मुख्यमन्त्री

४. विगतमा लागत साझेदारीमा कार्यान्वयन भएका आयोजना र नवप्रवर्तन साझेदारी कोष (IPF) मार्फत सञ्चालित योजना तथा कार्यक्रमको दीगोपना र निरन्तरताका लागि स्थानीय तहले आवश्यक व्यवस्था मिलाउने ।

५. प्रदेश मन्त्रालय र स्थानीय तहले अनुदानमा आधारित आयोजना/कार्यक्रम सञ्चालनको विद्यमान कानून र विधिमा समयानुकुल सुधार गरी मापदण्डमा आधारित बनाउने।

च) योजना तर्जुमा प्रक्रिया (स्थानीय तह र प्रदेश बीचमा समन्वय) तथा प्रदेशको दोस्रो आवधिक योजनाको तर्जुमा :-

१. अन्तर स्थानीय तह वा अन्तर जिल्लामा कार्यान्वयन गरिने योजनामा प्रदेश योजना आयोग र तत् तत् निकायहरुले समन्वय तथा सहकार्य गर्ने ।

२. स्थानीय तहले प्रदेशको आवधिक योजनासँग तादाम्यता कायम हुने गरी आफ्नो आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

३. प्रदेशको दोस्रो आवधिक योजना स्थानीय तहको माग र आवश्यकताको सम्बोधन गर्ने गरी तर्जुमा गर्ने।

४. स्थानीय योजना र प्रदेश योजनाबीच तादाम्यता मिलाउन प्रदेश योजना आयोगले स्थानीय तहको समन्वयमा वार्षिक आयोजना तर्जुमा निर्देशिका तयार गर्ने।

छ) आयोजना/योजना संचालनको सम्बन्धमा जग्गा प्राप्ति :- प्रदेशका सम्वन्धित मन्त्रालय/ निकाय र स्थानीय तहले जग्गा प्राप्ति लगायतका कार्य सम्पन्न गरी आयोजना प्रस्ताव गर्ने।

ज) युवाहरुको बढ्दो विदेश पलायन, श्रमको सम्मान, रोजगारीका अवसरहरुको न्यूनता, कोभिड पछि संचालन हुन नसकेका घरेलु तथा साना उद्योगहरुलाई सहयोग, आन्तरिक आयको कमी जस्ता चुनौतिहरु रहेको सन्दर्भमा उल्लेखित समस्याहरुलाई समाधान गर्दै आर्थिक विकास, रोजगार र स्वरोजगारका अवसरहरु सिर्जना गर्न स्थानीय तह तथा प्रदेश सरकारबाट संचालन हुने योजना तथा कार्यक्रम बनाउँदा उत्पादन र रोजगारीलाई पहिलो प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

झ) प्रदेश भित्र सरकारी/सार्वजनिक वा निजी क्षेत्रले स्वदेशी र स्थानीय कच्चा पदार्थ उपयोग गरी उत्पादन गरेका वस्तु तथा सेवाको खरिद र उपयोगमा प्रदेश तथा स्थानीय तहले प्राथमिकता दिई स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने ।

मुख्यमन्त्री

ञ) प्रदेश र स्थानीय तहमा हुने तथा भईरहेका निर्माण कार्य, फर्निचर/फर्निसिङ्ग आदिमा प्रदेशभित्र उत्पादित वनजन्य लगायत वस्तुको उपयोग गर्ने गरी प्रदेश एवं स्थानीय सरकारले आवश्यक व्यवस्था मिलाउने ।

ट) स्थानीय तहमा जनशक्ति अभावसमेतलाई मध्यनजर गर्दै कृषि क्षेत्रतर्फ प्रदेश सरकारबाट परिचालित चौथो तहका कृषि/पशु सेवाका प्राविधिकहरुलाई सम्बन्धित सेवा समुहको सम्वन्धित काममा मात्र परिचालन गर्ने व्यवस्था सबै स्थानीय तहले मिलाउने।

ठ) चालु आ.व. २०८०/०८१ को लागि स्वीकृत भएका वार्षिक योजना तथा कार्यक्रम समयमै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। सोको अनुगमन गर्दा प्रदेश सरकारले सम्वन्धित जिल्ला समन्वय समिति र स्थानीय तहसँग समन्वय गर्ने।

ड) नयाँ झोलुङ्गे पुल निर्माण वा विद्यमान झोलुङ्गे पुल मर्मत सम्भार गर्न आवश्यक भएमा सम्वन्धित स्थानीय तहले प्रदेश सरकारले गर्नुपर्ने सहकार्य समेत स्पष्ट खोली प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा प्रस्ताव गरी पठाउने। स्थानीय सरकारलाई झोलुङ्गे पुल आयोजनामा हाल सम्म प्राप्त भईरहेको प्राविधिक सहयोगलाई प्रदेश सरकारबाट निरन्तरता दिने।

ढ) गत विगत आर्थिक वर्षमा सम्पन्न भएका आयोजनाको भुक्तानी दिन बाँकी आयोजनाका सम्वन्धमा सम्वन्धित मन्त्रालय/निकायले आवश्यक छानविन गरी समस्या समाधान गर्ने।

ण) प्रदेश राजधानी रहेको स्थानीय तहमा प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा देहायका कार्य गर्ने ।

१. विद्यालय र अस्पताल निर्माण, सञ्चालन र विकासको लागि वजेटमा सहकार्य र समन्वय गर्ने। सोका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले आवश्यक सहजीकरण गर्ने।

२. फोहोर मैला व्यवस्थापनमा प्रदेश सरकारको खानेपानी हेर्ने मन्त्रालयले प्राथमिकताका साथ स्थानीय तहसँग सहकार्य गर्ने।

३. घर भवन निर्माणको लागि नक्सा पास लगायतका विषयमा अध्ययन गरी प्रदेश सरकारले नीतिगत तथा प्रक्रियागत समन्वय र सहयोग गर्ने।

त) तराईमा वढ्दो शित लहर र हिमाली, पहाडी क्षेत्रमा वढदो चिसोबाट आमजनतालाई वचाउनका लागि प्रदेश तथा स्थानीय तहले आवश्यक पूर्व तयारी गर्ने। साथै, आगलागीबाट जिउ धनको सुरक्षा गर्न दुइ वा वढी स्थानीय तहहरुसँग प्रदेश सरकार गृह मन्त्रालयले दमकल व्यवस्थापन लगायतमा आवश्यक सहकार्य र समन्वय गर्ने।

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

मुख्यमन्त्री

थ) निर्णय कार्यान्वयन :-

१. यस प्रदेश समन्वय परिषद्ले गरेका निर्णयहरुको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवारी बाँडफाँड सहित कार्ययोजना तयार गरिनेछ।

२. निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय र सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

द) राष्ट्रिय समन्वय परिषद्मा देहायका विषयहरू अनुरोध गरी पठाउने :-

१. स्थानीय तहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको संघीय दरवन्दी अन्तर्गत रिक्त रहेका पदहरु तत्कालै पदपूर्तिका लागि राष्ट्रिय समन्वय परिषद् र नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने।

२. योजना कार्यान्वयन हुने स्थानको जग्गा प्राप्ति नहुँदै बजेट विनियोजन हुने गरेको तथा जग्गा प्राप्तिमा लामो समय लाग्ने हुँदा बजेट फ्रिज हुने गरेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहबाट निर्माण/संचालन हुने स- साना प्रकृतिका निर्माणको लागि समेत सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति लिनुपर्ने र सो कार्यको लागि लामो समय लाग्ने देखिएकोले सो सम्बन्धमा प्रदेश सरकारलाई नै अधिकार दिने गरी आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकार तथा राष्ट्रिय समन्वय परिषद्मा अनुरोध गर्ने।

३. कृषि, वन तथा अन्य सम्पदाको उपयोग र व्यवस्थापन - संघीय वन ऐन तथा प्रदेश वन ऐन वीच दोहोरोपना रहेको र केही प्रावधानहरु वाझिएको सन्दर्भमा प्रदेश तथा स्थानीय तहका आयोजना/कार्यक्रम कार्यान्वयनका लागि जग्गा प्राप्ति (निकुञ्ज र वन क्षेत्र) प्रक्रिया जटिल रहेकोले सो सम्वन्धी कानून परिमार्जन र संशोधनका लागि राष्ट्रिय समन्वय परिषद् र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।

४. प्रदेशले संचालन गर्ने सार्वजनिक हितका लागि आवश्यक पर्ने सरकारी/सार्वजनिक र निजी जग्गा निश्चित मापदण्डका आधारमा प्रदेश सरकारको निर्णयबाट उपयोग/प्राप्ति हुने गरी संघीय कानूनमा व्यवस्था गर्न राष्ट्रिय समन्वय परिषद् र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।

मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी), नेपाल